# सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

# कर्मचारी भर्ना सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०/०१/१६

यस नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि तपसिलका उल्लेखित विभिन्न पदहरुमा करारमा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका तथा कुनै कानूनले अयोग्य नभएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्पूर्ण कागजात संलग्न गरी दरखास्त दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

| क्र.सं. | विज्ञापन नं. | पद | तह | पद संख्या |
|---|---|---|---|---|
| १ | ०८-२०७९/०८० | रोजगार संयोजक | छैठौं तह सरह | १ (एक) |
| २ | ०९-२०७९/०८० | रोजगार सहायक | पाँचौ तह सरह | १ (एक) |
| ३ | १०-२०७९/०८० | प्राविधिक सहायक | पाँचौ तह सरह | १ (एक) |

- **आवश्यक न्यूनतम योग्यताहरु:**
  - रोजगार संयोजकका हकमा स्नातक तह उत्तीर्ण
  - रोजगार सहायकका हकमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ३ महिने आधारभूत कम्प्युटर सम्वन्धी तालिम लिएको ।
  - प्राविधिक सहायकका हकमा सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा वा ओभरसियर तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ३ महिने आधारभूत कम्प्युटर सम्वन्धी तालिम लिएको ।
- **दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरु:**
  - नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।
  - शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति ।
  - हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ३ प्रति ।
  - तालिमको प्रमाणपत्र ।
  - कार्य अनुभव भए सो सम्बन्धि प्रमाणित कागजात ।
- **सेवा सुविधा: नियमानुसार ।**
- **उमेर : रोजगार संयोजकका हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।अन्य पदमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।**
- **दरखास्त दस्तुर:**
  - रोजगार संयोजकका हकमा १०००।-(एक हजार) र अन्य पदका हकमा रु ५०० (पाँच सय) ।
  - दरखास्त दस्तुर: सबैला नगरपालिकाको एन.आई.सि. एसिया बैंक स्थित आन्तरिक राजश्व खाता नं. ग१-१ ०३१२०५००३९४५९००१ मा रकम जम्मा गर्नुपर्नेछ ।
- **दरखास्त दिने अन्तिम मिति : २०८० वैशाख ३० गते । सो दिन बिदा परेमा कार्यालय खुल्ने पहिलो दिन कार्यालय समयसम्म ।**
- **दरखास्त दिने तरिका : नगरपालिकाको कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी ।**
- **परीक्षाको किसिम : प्रारम्भिक योग्यताक्रम प्रकाशन गरी छनौट परीक्षा लिइने ।**
- **लिखित परीक्षाको पाठ्यक्रम तथा यस सूचनामा नसमेटिएका विषय रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ तथा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड २०७८ बमोजिम हुनेछ ।**
- **म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।**
- **अन्य जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुपर्नेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

ज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ